जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ४८ २०८३ साल भदौ २७ गते शनिबार (12 Sep 2026 Saturday) मूल्य रु. ५/-

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : चलायमान बन्दै कोरला... ३ पृष्ठमा : पाठ्यक्रम परिमार्जनः पाठ्यभार ... ३ पृष्ठमा :विभाजनबीच ब्रिक्स ...

## अस्पतालको प्रवेशद्वार नजिकै सुत्केरी प्रकरणः

# अस्पतालका डियुटी अफिसरसहित ६ जनालाई कामकाजबाट हटाइए



**दैनिक समाचारदता**
**राजविराज, २६ भदौ ।**

भर्ना भएकै अवस्थामा राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालबाट बाहिरिएर एक महिलाले अस्पतालको प्रवेशद्वार नजिकै बच्चा जन्माएको बिषयमा अस्पताल प्रशासनले अस्पतालका ड्युटी अफिसर, स्वास्थ्यकर्मी तथा कर्मचारीगरि ६ जनालाई शुक्रबार कामकाजबाट हटाएको छ ।

प्रारम्भिक चरणमा घट्नाका दिन अस्पातलको प्रसुती वार्डमा डियुटीमा रहेका ४ स्वास्थ्यकर्मी, एक जना चौकीदार र एक जना सरसफाईकर्मी गरी ६ जनालाई तत्काल कामकाजबाट हटाइएको अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रणजित कुमार झाले जनाएका छन् ।

छानवीन समितिको अन्तिम प्रतिवेदन अनुसार उनीहरुबारे थप निर्णय गरिने उनले जनाउदै छानवीन समितिको अन्तिम प्रतिवेदन प्राप्त नभई अर्को व्यवस्था नभइनजेलसम्म उनीहरुलाई कामकाजबाट हटाइएको बताए ।

यता उक्त घटनाको विषयमा सत्यतथ्य छानवीन गर्न गठित तीन वटा छुट्टाछुट्टै समितिले काम सुरु गरेको छ ।

स्थलगत छानवीनका लागि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयद्वारा नेपाल मेडिकल काउन्सिलका रजिष्ट्रार सुप्रभात श्रेष्ठको नेतृत्वमा गठित छानवीन समिति, जिल्ला प्रशासन कार्यालयद्वारा जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डा सतिश कुमार यादवको नेतृत्वमा गठित छानवीन समिति तथा मधेश प्रदेश सभाको महिला, बालबालिका तथा सामाजिक न्याय समितिका सदस्य किरण कुमारी साह नेतृत्वमा गठित छानवीन समितिले शुक्रबार देखि काम सुरु गरेको छ ।

समितिले आ-आफ्नो तरिकाले घट्नाबारे सत्यतथ्य बुझेर आ-आफ्नो निकायमा ७ दिन भित्र प्रतिवेदन बुझाउने बताइएको छ ।

सो अस्पतालमा तीन दिन अघि सुत्केरीका लागी आएकी राजविराज नगरपालिका १४ परसाही टोलकी २९ बर्षीया बबिता पासमानले रकम अभावमा सेवा पाउन समस्या देखेपछि बाहिर निस्केकी थिईन् । अस्पताल प्रवेशद्वार नजिकै पुगेका बेला प्रसव पीडाले च्यापेपछि सडक पेटीमै उनले बच्चा जन्माएकी थिईन् ।

यसअघि तीन छोरीलाई वर्थिङ्ग सेन्टर र अस्पतालमा जन्म दिएकी बबिताले चोथौ सन्तान ( छोरा) लाई भने रकम अभावमा सडकमै जन्माउन बाध्य भएकी थिईन् ।

स्वास्थ्यकर्मीले पुर्जामा लेखि दिएको तीन हजार दुई सय रुपियाँको जाँच गराउन पैसा नभएपछि जोहो गर्न निस्केको बेला उनी सडक पेटीमै बच्चा जन्माएकी थिईन् ।

उक्त दृश्य सामाजिक सञ्जाल तथा विभिनन सञ्चार माध्यमबाट भाइरल बनेको थियो । घट्नालाई लिएर सरकार र अस्पताल प्रशासनको चर्को आलोचना हुन थालेपछि संघिय, प्रदेश र स्थानिय स्तरबाट गरी तीन वटा छानवीन समिति गठन भई छानवीन सुरु भएको छ ।

छानवीन समितिले पीडित महिला र उनका आफन्त, सो दिन डियुटीमा रहेका स्वास्थ्यकर्मी, चौकीदार, सफाईकर्मी र निमित्त मेडिकल सुपरीटेन्डेन्ट डा. जितेन्द्र कँडेलसँग सोधपुछ गरेको अस्पतालका एक अधिकारीले बताए । टोलीले घट्नाको प्रकृती, बबिताको अवस्था, स्वास्थ्यकर्मीको व्यवहार तथा अन्य कुरालाई जोडेर समेत अनुसन्धान गरिरहेको जनाएको छ ।

## सुनिताले सुत्केरी महिला बबितालाई प्रदान गरिन राहत

**दैनिक समाचारदता**
**राजविराज, २६ भदौ ।**

अस्पतालको प्रवेशद्वार नजिकै बच्चा जन्माएकी सुत्केरी महिलालाई एक समाजसेवी महिलाले राहत सामग्री प्रदान गरेकी छिन ।

राष्ट्रिय समता पार्टी नेपालका केन्द्रीय उपाध्यक्ष समेत रहेकी राजविराज ७ निवासी समाजसेवी सुनिता साह (क्रान्ति) ले शुक्रवार अस्पताल मै पुगेर राजविराज नगरपालिका १४ कि बबिता पासवानलाई राहत सामग्री प्रदान गरेकी हुन ।



विपन्न परिवारकी बविता रकम अभाव कै कारण तीन दिन अघि गजेन्द्रनारायण सिह अस्पतालमा सुरक्षित प्रसुति सेवा पाउन नसकी पैसाको जोहो गर्न निस्केका बेला अस्पतालको प्रवेशद्वार नजिकै प्रसव पिडाले च्यापेपछी सडक पेटी मै बच्चा जन्माएकी थिइन । हाल उनी सोही अस्पतालमा उपचार गराइरहेकी छिन ।

समाजसेवी साहले बविताको पीडामा मलहम लगाउने प्रयास स्वरुप सानो सहयोग स्वरुप बच्चा र आमा दुबैका लागी लत्ता कपडा, झुल, सेनटरीप्याड, साबुन पाउडर, पौष्टीक आहारा तथा करिब एक महिना सम्म पुग्ने खाद्यन्न लगायतका समाग्री बवितालाई प्रदान गरिन् ।

# राजविराज उच्च अदालत बार एशोसिएसनको आज निर्वाचन हुँदै, अध्यक्ष पदका लागि तीन जनाको उम्मेदवारी

**दैनिक समाचारदता**
**राजविराज, २६ भदौ ।**

राजविराज उच्च अदालत बार एशोसिएसनको आज हुन गइरहेको निर्वाचनमा तीन जना अध्यक्ष पदमा उम्मेदवारी दिएका छन् ।

अध्यक्षसहित कार्यसमितिका १३ तथा ९ केन्द्रीय पार्षदका लागि हुने निर्वाचनमा दुई समूह प्यानलसहित तथा एक जना स्वतन्त्र उम्मेदवारका रुपमा चुनावी मैदानमा छन् । उक्त २२ पदका लागि ४३ जनाको उम्मेदवारी परेको छ ।



**अधिवक्ता बलराम सिंह**



**अधिवक्ता नविन सिंह**



**अधिवक्ता देवबहादुर कटुवाल**

बृहत प्रजातान्त्रिक समूह ( डिएलए) ले अधिवक्ता नविन सिंहको नेतृत्वमा तथा बृहत गणतान्त्रिक, लोकतान्त्रिक र प्रगतिशील समूहले बलराम सिंहको नेतृत्वमा प्यानलसहित तथा अधिवक्ता देव बहादुर कटुवालले स्वतन्त्र रुपमा उम्मेदवारी दिएका छन् ।

बृहत प्रजातान्त्रिक समूहको तर्फबाट अध्यक्ष पदमा नवीन सिंह, उपाध्यक्षमा उमाशंकर देव, सचिवमा रामकुमार यादव, सहसचिवमा सुनिता कुमारी दास र कोषाध्यक्षमा उपेन्द्र यादव छन् ।

यस्तै सदस्यमा सुरेन्द्र प्रसाद यादव, प्रकाश कुमार यादव, डा. शिवनारायण यादव, बीपी कोइराला, सञ्जीव कुमार यादव, दिलिप यादव, मिथलेशचन्द्र लाभ र दिनेश कुमार सिंह चुनावी मैदानमा छन् । सोही प्यानलबाट केन्द्रीय पार्षदमा सुधा देव, गुञ्जेश्वर प्रसाद यादव, नारायण प्रसाद साह, डा. देवनारायण यादव, अशोक कुमार झा, नित्यदेव प्रसाद यादव, धीरेन्द्र प्रसाद यादव, बलवीर चौधरी र डा सन्तोष कुमार चमन यादव चुनावी मैदानमा छन् ।

बलराम सिंह अध्यक्ष पदको उम्मेदवार रहेको बृहत गणतान्त्रिक, लोकतान्त्रिक प्रगतिशील समूहको तर्फबाट

***बाँकी दुई पृष्ठमा***

## सम्पादकीय ....

### सम्बन्धित निकायले चासो देखाउनु आवश्यक

स्वास्थ्य नै धन हो भन्ने मूल मर्मलाई हामीले बिर्सनु हुन्न् । त्यसलाई आत्मसाथ गर्दै हरेक व्यक्ति विहान र साँझपख घर आङ्गन सरसफाई गर्नेतिर ध्यान दिइरहेको हुन्छौं । हरेक व्यक्ति स्वास्थ्यप्रति ध्यान दिएमा बिरामी हुनबाट जोगिन सक्छौं । यस्ता समस्यामाथी सर्वप्रथम स्वास्थ्य क्षेत्रले ध्यान दिनुपर्छ । मानवका लागि स्वास्थ्य अति महत्वपूर्ण रहेको छ । यसप्रति हरेक व्यक्ति संवेदनशल हुनु जरुरी छ ।

प्रत्येक महिना नगरका सरसफाईमा लाखौलाख रुपैया खर्च हुने गर्दछ । सरसफाई गरेपनि फोहरको अवस्थामा खासै सुधार नहनुको कारण के हो त ? यस्ता समस्या प्रति हरेक नगरवासीले मनन् गर्नुपर्ने अवस्था छ । नगरको सरसफाई कार्यक्रमा नगरपालिका जति लागेपनि समाधान हुन सकिरहेको छैन । हरेक वार्डहरुमा यी समस्याले घेरिएका छन् । यस्ता सरसफाई समस्या समाधन गर्नका लागि नगरपालिकाले दैनिक फोहोर संकलन गर्न गाडी र सुईपरहरुलाई खटाएको देखिन्छ । अहिले सडकमा फोहोर संकलन गर्ने कन्टिनर नभएका कारण अधिकांश फोहार सडकमा फोहर संकलन गर्ने कन्टीनर नभएका कारण अधिकांश फोहर सडकका नालामा फ्याकिने गरेको देखिन्छ ।

फोहरलाई मोहर पनि बनाउन सकिन्छ । यसप्रति सम्बन्धित निकायले चासो देखाउनु आवश्यक छ । तसर्थ चेतना र सक्रियता भए मात्र नगरका सडक र टोलमा सरसफाई कार्य सुधारात्मक बन्न सक्छ र हामी पनि स्वस्थ रहन सक्छौं ।

### बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# चलायमान बन्दै कोरला नाका

**सुन्दरकुमार थकाली**
मुस्ताङ, २६ भदौ (रासस) ।

तीन वर्षअघि नेपाल-चीन उत्तरी कोरला नाका उपल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका लागि मात्रै सीमित थियो । कोभिड महामारीअघि चीनको तिब्बती भूमि झोङ्वासेन पठारमा बर्सेनि असार र भदौ महिनामा सीमित समयका लागि मात्रै कोरला नाकाको ढोका खुला हुन्थ्यो ।

नेपाल-चीन सीमावर्ती क्षेत्रका नागरिकका लागि दैनिक उपभोग्य वस्तुहरुको किनमेल गर्न चीन पक्षले कोरला नाकाको तिब्बती भूमिमा अल्पकालीन अन्तरदेशीय व्यापार मेला चलाउथ्यो । कोभिडका कारण एकपक्षीय रुपमा चीनले लगातार चार वर्ष कोरला नाका पूर्ण रुपमा बन्द गर्‍यो ।

कोभिडका कारण चार वर्ष बन्द रहेको नेपाल-चीन उत्तरी कोरला नाका तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले चीन भ्रमण गरेलगत्तै २०८० कात्तिक २७ गते उपल्लो मुस्ताङका दुई गाउँपालिकाका नागरिकका लागि बाह्रै महिना खुला गरिएको थियो । लामो समयदेखि बन्द कोरला नाकालाई चीन पक्षले बाह्रै महिना उपल्लो मुस्ताङका नागरिकलाई खुला गरेपछि सीमावर्ती क्षेत्रका नागरिकमा खुसी पलायो ।

८० बन्द रहेको नाका खुलाउनुअघि चिनियाँ पक्षले नेपाली पक्षलाई सहभागी गराई तामझामका साथ आतसबाजी गरी औपचारिक रुपमा नाका खुला भएको सन्देश दिएको थियो । तर, चिनियाँ पक्षले सबै नेपालीका लागि खुला गरेको भने थिएन । उपल्लो मुस्ताङका नागरिकलाई मात्रै खुला गरिएको कोरला नाकामा पछि तल्लो मुस्ताङी नागरिकलाई पनि सीमापार पास वितरण गरी (नेचुङ-लिजी) आउजाउ सहज पारियो ।

नेपाल-चीन उत्तरी कोरला नाका मुस्ताङी नागरिकका लागि बाह्रै महिना खुला गरिए पनि नाकामा हुने निकासी तथा पैठारीको कारोबार झिनो परिमाणमा स्थानीयस्तरमै सीमित थियो । सीमामा बस्ने नागरिक र केही तल्लो भेकमा मुस्ताङले घरायसी प्रयोजनका लागि दैनिक उपभोग्य बस्ती चीनको कोरलास्थित लिजी हाटबजारबाट खरिद गरी ल्याउथे तर चिनियाँ पक्षले भने निकासीतर्फ नेपालीलाई सीमित मात्रै मालसामान आफ्नो भूमिमा ल्याउन दिन्थ्यो । यसरी चलेको कोरला नाकामा त्यसबेला मुस्ताङ भन्सार कार्यालयको वार्षिक राजस्ववापत रु १० देखि १५ करोड मात्रै मुश्किल उठाउथ्यो ।

**मुख्य नाकाका रुपमा विस्तार हुँदै**

सामान्य अवस्थामा चलेको कोरला नाकाको ढोका गत वर्षको भदौ ३१ गतेपछि भने केही गतिशील बनेको छ । गत वर्षको असार र भदौ महिनामा बाढी, पहिरो र नदी कटानका कारण उत्तरतर्फका नाका जोड्ने तातोपानी र रसुवागढी नाका पूर्ण रुपमा बन्द हुन पुगेपछि कोरला नाकालाई वैकल्पिक आयात निर्यातको मार्ग प्रस्तुत गरियो । कोरला नाकालाई पूर्ण रुपमा सञ्चालन गर्ने निर्णयसँगै मुस्ताङ भन्सार कार्यालयमा कर्मचारी थपिए । निकासी तथा पैठारीको परिमाण वृद्धि हुन थाल्यो । नाका पूर्ण रुपमा सञ्चालन गरिए पनि पूर्वाधार निर्माणमा भने ध्यान दिइएको थिएन ।

विसं २०८२ भदौ ३१ गतेदेखि पूर्ण रुपमा सञ्चालनमा आएको नाकामा पहिलेभन्दा राजस्व सङ्कलनमा निकै ठूलो कायापलट हुन थाल्यो । सीमावर्ती क्षेत्रका नागरिकले पनि वैकल्पिक रोजगारी अवसर प्राप्त गर्न थाले । कोरला नाका र त्यहाँ रहेको मुस्ताङ भन्सार कार्यालय यतिबेला भने निकै चलायमान र गुल्जार बनेको छ । यसको कारण हो, रसुवागढी र तातोपानी नाका पूर्ण रुपमा बन्द हुनु ।

यही भदौ १० गते बिहान रसुवाको भोटेकोशीमा आएको भीषण बाढीका कारण रसुवागढी नाका पूर्ण रुपमा बन्द बन्न पुगेको छ । उक्त नाका पहिलेका अवस्थामा फर्किन सायद लामो समय कुर्नुपर्ने हुनसक्छ । तातोपानी नाका पनि अहिले खुल्न सकेको छैन । यस्तो अवस्थामा उत्तरतर्फका तीन नाकाको प्रतिनिधित्व गर्ने एकमात्र नाका कोरला बनिरहेको छ ।

मुस्ताङ भन्सार कार्यालयका प्रमुख विदुर चुडालका अनुसार रसुवाको विनाशकारी बाढीपछि केरुङ नाकामा रोकिएका १७६ वटा मालवस्तुका कन्टेनर कोरला नाकातर्फ 'डाइभर्ट' भइरहेको बताउनुभयो । केरुङ नाकाबाट डाइभर्ट भइरहेका सबै कन्टेनर बुधबारसम्म कोरला नाकामा आइपुग्ने जानकारी प्राप्त भएको उहाँले उल्लेख गर्नुभयो ।

"केरुङ नाकाबाट कोरला नाकातर्फ 'डाइभर्ट' भएका कन्टेनरमध्ये केही सोमबार केही आइपुगे भने बाँकी कन्टेनर पनि भोलि बुधबारभित्र कोरला नाकामा आइपुग्ने छन्", प्रमुख चुडालले भन्नुभयो, "मुस्ताङ भन्सारको सडक मार्ग छेउछाउ करिब २०० भन्दाबढी कन्टेनर छन्, भन्सार य्याडमा 'लोड' गरिएका मालवस्तुसहित कन्टेनर करिब १५० बढी रोकिएका छन् ।" दसैं , तिहारलगायत चाडपर्व नजिकिएकाले केरुङबाट 'डाइभर्ट' भएका मालवस्तुको पैठारी हुने समय चलेको भन्सार प्रमुख चुडालको भनाइ छ । चीनबाट तयारी लत्ताकपडा, श‍ृङ्गारका सामग्री, औद्योगिक कच्चा पदार्थ, फलफुल र खाद्य पदार्थ रहेको कन्टेनर कोरला नाकातर्फ 'डाइभर्ट' भएको उहाँले बताउनुभयो ।

**लक्षित राजस्व बढ्ने निश्चित**

रसुवागढी र तातोपानी नाका पूर्ण रुपमा बन्द भएसँगै नेपाल-चीन उत्तरी कोरला नाका हुँदै मालवस्तु ढुवानी गर्न दैनिक ५० भन्दाबढी कन्टेनर चीनको भूमि लिजीमा प्रवेश गर्ने गरेका भन्सार प्रमुख चुडालले जानकारी दिनुभयो ।

कार्यालयका अनुसार रसुवागाढी नाका बन्द हुनुअघि ४० दिनमा कोरला नाकाबाट भित्रिएका मालवस्तुको पैठारीवापत रु ५२ करोड ८० लाख राजस्व सङ्कलन भएको थियो भने भदौ १० गतेपछि मुस्ताङ भन्सार कार्यालयबाट थप २६ करोड बढी सङ्कलन भएको छ । चालु आव २०८३/८४ को साउनदेखि भदौ २० गतेसम्म मुस्ताङ भन्सारबाट कुल ७८ करोड बढी राजस्व सङ्कलन भइसकेको भन्सारको तथ्याङ्कमा उल्लेख छ ।

रसुवागढी नाका बन्द भएपछि नौ दिनको फेरोमा कोरला नाका हुँदै नेपाल भित्रिएका ८८ वटा मालवस्तु रहेका कन्टेनर र १३० वटा विद्युतीय सवारीसाधनको भन्सार जाँचपास भएको छ ।

यसअघि चालु वर्षको साउनदेखि भदौ १० गतेअघिसम्म कोरला नाकाबाट भित्रिएका १६३ विद्युतीय सवारी र १३३ वटा मालवाहक कन्टेनरको भन्सार जाँचपास भएको भन्सार प्रमुख चुडालले बताउनुभयो ।

चालु वर्षको साउनदेखि भदौ १० गतेअघिको तथ्याङ्क हेर्दा मुस्ताङ भन्सारमा दैनिक चार/पाँच वटा विद्युतीय सवारी र दैनिक तीन/चारको हाराहारीमा कन्टेनरको मात्रै जाँचपास भएको देखिन्छ तर भदौ १० गतेपछि दैनिक औसत १५ भन्दा बढी विद्युतीय सवारी र दैनिक औसत १० भन्दाबढी कन्टेनरको भन्सार जाँचपास भएको देखिन्छ ।

भन्सार प्रमुख चुडालका अनुसार अघिल्लो ४० दिनमा १६३ वटा इभी गाडी जाँचपास भएकामा पछिल्लो १० दिनमा १३० वटा इभी गाडी जाँचपास भएको हो । यसैगरी अघिल्लो ४० दिनमा १३३ वटा कन्टेनरको जाँचपास भएकामा पछिल्लो १० दिनमा ८८ वटा कन्टेनरको जाँचपास भएको भन्सार प्रमुख चुडालको भनाइ छ ।

भन्सार प्रमुख चुडालले राससलाई दिएको जानकारीअनुसार भदौ १० अघिको अघिल्लो ४० दिनमा सङ्कलन भएको राजस्व अनुपातमा दैनिक रु एक करोड ३० लाख सङ्कलन भएको देखिन्छ । यसैगरी भदौ १० पछिको भन्सार राजश्वको दैनिक अनुपात रु दुई करोड ८८ लाख बढी देखिन्छ ।

नेपाल-चीन उत्तरी कोरला नाकास्थित मुस्ताङ भन्सार कार्यालयले गत आव २०८२/८३ मा रु छ अर्ब ९२ करोड राजस्व सङ्कलन गरेको थियो । भन्सार प्रमुख चुडालका अनुसार गत वर्ष पैठारीतर्फ रु १४ अर्ब ४० करोड बढीको मालवस्तु पैठारी भएको थियो भने रु २० करोड ५० लाख बढीको मालवस्तु चीनतर्फ निकासी भएको थियो ।

गत वर्ष कोरला नाका हुँदै चीनबाट भित्रिएका तीन हजार २२३ वटा विद्युतीय गाडी र एक हजार ८७३ वटा मालवस्तु पैठारी गरिएका कन्टेनरको भन्सार जाँचपास भएको थियो ।

भन्सार प्रमुख चुडालका अनुसार गतवर्ष रु छ अर्ब ९२ करोड राजस्व सङ्कलन भएकामा चालु वर्ष सामान्य अवस्था रहेमा रु नौ अर्ब बढी भन्सार राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा रसुवा घटनाले उक्त लक्ष्यभन्दा बढी उठ्ने देखिएको छ ।

चीनबाट कोरला नाका हुँदै नेपाल भित्रिएका विद्युतीय गाडी भन्सार जाँचपास गर्नका लागि कोरला नाकामै पार्किङ गरिएका प्रमुख चुडालले बताउनुभयो । पछिल्लो समय मुस्ताङको कोरला नाकादेखि न्हेचुङ भन्सारका आसपासका क्षेत्रमा कन्टेनर र विद्युतीय सवारीको सङ्ख्याले ढाकिएका छ ।

विगतमा उपल्लो मुस्ताङका नागरिकलाई मात्रै केन्द्रित गरी सञ्चालन भएको कोरला नाका गत वर्षको भदौदेखि सामान्य अवस्थामा निकासी तथा पैठारी हुँदै आएको थियो । रसुवा र तातोपानी नाका बन्द भएपछि कोरला नाका मुख्य मार्गका रुपमा चलायमान बनेको छ ।

---

*राजविराज उच्च ...*

उपाध्यक्षमा विनोद पाण्डे, सचिवमा पार्वती जोशी थारु, सहसचिवमा अस्मिता थापा र कोषाध्यक्षमा भोगीलाल यादवले उम्मेदवारी दिएका छन् ।

सो प्यानलबाट सदस्य पदमा रामप्रसाद यादव, सतीश कुमार दत्त, बालकृष्ण कार्की, भागवत यादव, रामनारायण चौधरी, सन्तोष कुमार चौधरी र राजकुमार साह चुनावी मैदानमा छन् ।

उक्त प्यानलबाट केन्द्रीय पार्षदमा श्याम कुमार पोखरेल, श्यामकान्त चौधरी, मनोज देव, बालकृष्ण ढुङ्गाना, कौशल किशोर दत्त, सत्यनारायण साह र अजय कुमार चौधरी चुनावी मैदानमा छन्

उक्त प्यानलबाट सदस्य पदका उम्मेदवार रहेका चन्द्रकान्त यादव र केन्द्रीय पार्षदका उम्मेदवार रहेका डा.हेमकुमार मिश्रले भने उम्मेदवारी फिर्ता लिएको निर्वाचन समितिका संयोजक धर्मेन्द्र यादवले जानकारी दिए ।

यसैबीच बृहत् प्रजातान्त्रिक समूहको तर्फबाट सदस्य पदका उम्मेदवार रहेका दिलीप यादवले आफू बलराम सिंह नेतृत्वको बृहत गणतान्त्रिक, लोकतान्त्रिक प्रगतिशील समूहलाई समर्थन गरेको प्रेस विज्ञप्ति मार्फत जनाएका छन् ।

दुई वर्ष कार्यकालका लागि हुने बार एसोसिएसनको निर्वाचनमा कुल २१७ मतदाता रहेको निर्वाचन समितिले जनाएको छ ।

# पाठ्यक्रम परिमार्जनः पाठ्यभार घटाउनदेखि एआई समेट्नेसम्मका सुझाव

भक्तपुर, २६ भदौ (रासस)।

'राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६' परिमार्जनका लागि सातै प्रदेशमा आयोजित कार्यशालाबाट पाठ्यभार घटाउनुपर्ने, शिक्षालाई रोजगार तथा उद्यमशीलतामुखी बनाउनुपर्ने र नयाँ प्रविधिसहित कृत्रिम बौद्धिकता (एआई)लाई पाठ्यक्रममा समेट्नुपर्ने सुझाव प्राप्त भएका छन्।

पाठ्यक्रम विकास केन्द्रले राष्ट्रिय पाठ्यक्रम परिमार्जन प्रयोजनार्थ सातै प्रदेशमा आयोजना गरेको कार्यशालामा सहभागीले वर्तमान पाठ्यक्रमलाई समयसापेक्ष, व्यावहारिक, जीवनोपयोगी र स्थानीय आवश्यकता अनुकूल बनाउनुपर्नेमा जोड दिएका हुन्।

कोशी प्रदेशमा आयोजित छलफलमा सहभागीले शिक्षालाई स्थानीय उत्पादनसँग जोड्दै स्वरोजगार र उद्यमशीलतामुखी बनाउनुपर्ने, सिकाइलाई विद्यार्थीकेन्द्रित, सिर्जनात्मक, प्रयोगात्मक तथा प्रविधिमैत्री बनाउनुपर्ने सुझाव दिएका छन्।

सहभागीले प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तारसँगै देशप्रेम, नैतिकता तथा परम्परागत भाषा, लिपि र संस्कृतिको संरक्षण हुने किसिमको शिक्षा आवश्यक रहेको बताएका छन्। पाठ्यक्रमलाई लचिलो बनाउँदै निर्माण र कार्यान्वयनको केही जिम्मेवारी विद्यालय तथा शिक्षकलाई दिनुपर्ने सुझाव प्राप्त भएको छ।

मधेस प्रदेशमा पाठ्यक्रमको विषयवस्तु तथा पाठ्यभार घटाउनुपर्ने विषय प्रमुख रूपमा उठेको छ। पर्यटन, कृषिलगायत स्थानीय तथा सम्भावनायुक्त क्षेत्रसँग सम्बन्धित ज्ञान र सीप पाठ्यक्रममा समावेश गर्नुपर्ने सहभागीको सुझाव छ। प्रविधिसम्बन्धी विषयवस्तुलाई परिमार्जन गर्दै एआईसम्बन्धी ज्ञानलाई पाठ्यक्रममा समेट्नुपर्ने सहभागीको माग छ।

यस्तै, नैतिक तथा आध्यात्मिक शिक्षा, सामाजिक कार्यमा विद्यार्थीको सहभागितामार्फत मूल्याङ्कन, शिक्षकलाई पाठ्यक्रम विकासमा सहभागी गराउने र शिक्षकको क्षमता विकासलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएका छन्। मातृभाषा, नेपाली र अङ्ग्रेजी भाषामा विद्यार्थीलाई दक्ष बनाउनुपर्ने तथा रैथाने ज्ञान र सीपमार्फत रोजगारी सृजना हुने विषयवस्तु समावेश गर्नुपर्ने सुझाव दिइएको छ।

त्यस्तै, प्रधानाध्यापकलाई प्रशासकभन्दा शैक्षिक नेताका रूपमा विकास गर्नुपर्ने, स्थानीय पाठ्यक्रम निर्माणमा स्थानीय तहलाई अधिकार दिनुपर्ने, विद्यार्थीका लागि मनोसामाजिक परामर्शको व्यवस्था गर्नुपर्ने र अभिभावक शिक्षामा जोड दिनुपर्ने उल्लेख छ।

बागमती प्रदेशमा उद्यमशीलता तथा रोजगारउन्मुख शिक्षा, अनिवार्य अभिभावक शिक्षा, नैतिक शिक्षा तथा स्थानीय ज्ञान, सीप र संस्कृतिको प्रवर्द्धन गर्नुपर्ने आवश्यकता औँल्याइएको छ।

गण्डकी प्रदेशका सहभागीले शिक्षालाई व्यावहारिक, जीवनोपयोगी, सीपमूलक तथा रोजगारमुखी बनाउनुपर्ने बताएका छन्। पूर्वव्यावसायिक, कृषि तथा प्राविधिक शिक्षामार्फत आत्मनिर्भर र दक्ष जनशक्ति उत्पादन गर्नुपर्ने तथा स्थानीय भूगोल, इतिहास, कला, संस्कृति र विविधतालाई पाठ्यक्रममा समेट्नुपर्ने सुझाव छ।

लुम्बिनी प्रदेशका सहभागीले पाठ्यभार तथा विषयवस्तु बढी भएकाले घटाउनुपर्ने, देशप्रेमको भावना विकास गर्ने किसिमको पाठ्यक्रम निर्माण गर्नुपर्ने र एआईको प्रयोगमार्फत सिर्जनात्मकता विकास गर्नुपर्ने सुझाव दिएका छन्। उनीहरुले युवालाई विदेश पलायन हुन बाध्य बनाउनेभन्दा स्वदेशमै आत्मनिर्भर र रोजगारी सृजना गर्न सक्षम बनाउने पाठ्यक्रम आवश्यक रहेको बताएका छन्।

कर्णाली प्रदेशमा प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय संरचनामा दुई वर्षको अवधिमा ल्याउनुपर्ने, पाठ्यक्रमको वास्तविक कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाउनुपर्ने र बारम्बार हुने पाठ्यक्रम परिवर्तनले सृजना गरेको अन्योल अन्त्य गर्नुपर्नेमा जोड दिइएको छ। शिक्षकलाई विभिन्न पक्षबाट आवश्यक सहयोग उपलब्ध गराउनुपर्नेमा सहभागीले आफ्नो मत राखेका छन्।

सुदूरपश्चिम प्रदेशमा सामाजिक विकास मन्त्रालय प्याब्सन सुदूरपश्चिमले धनगढीमा कार्यक्रम सञ्चालन गरेको भए पनि छलफलबाट प्राप्त मुख्य सुझावको विवरण उपलब्ध गराइएको छैन।

शिक्षा तथा खेलकुद मन्त्रालयको मन्त्रीस्तरीय निर्णयअनुसार पाठ्यक्रमलाई समयसापेक्ष, व्यावहारिक, जीवनोपयोगी तथा प्रभावकारी बनाउने उद्देश्यले राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदलले सातै प्रदेशका २८ जिल्लाबाट सरोकारवालाको सुझाव तथा पृष्ठपोषण सङ्कलन गरेको हो। विभिन्न जिल्लामा पुगेर शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, अभिभावक, विज्ञ, नीतिनिर्माता, स्थानीय तह तथा अन्य सरोकारवालासँग प्रत्यक्ष अन्तर्क्रिया गरिएको छ।

पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक महेन्द्र पराजुलीका अनुसार पहिलो चरणमा २८ जिल्लाबाट सुझाव सङ्कलन गरिनेछ। त्यसपछि ७७ वटै शिक्षा विकास तथा समन्वय एकाइबाट सुझाव लिइनेछ। यस्तै, केन्द्रको वेबसाइटमार्फत सुझाव प्राप्त गरिनेछ।

सातै प्रदेशका कार्यशालाबाट प्राप्त सुझावमा राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई स्थानीय आवश्यकता, रोजगारी, उद्यमशीलता, प्रविधि, नैतिकता र जीवनोपयोगी सीपसँग जोड्दै पाठ्यभार कम गर्नुपर्ने उल्लेख छ। प्राप्त सुझावका आधारमा पाठ्यक्रम विकास केन्द्रले राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को परिमार्जनका लागि आवश्यक प्रक्रिया अघि बढाउने जनाएको छ।

# भोटेकोशी बाढीः सामाजिक क्षेत्रको पुनरुत्थानका लागि मात्रै एक खर्ब आवश्यक

**कमलकुमार बस्नेत**

काठमाडौँ, २६ भदौ (रासस)।

भोटेकोशी बाढीका कारण रु ६७ अर्ब ८७ करोडबराबरको क्षति भएको छ। त्यसको पुनरुत्थानका लागि रु एक खर्ब तीन अर्ब ५४ करोड आवश्यक पर्ने आकलन गरिएको छ।

राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको 'द्रुत क्षति र आवश्यक मूल्याङ्कन (आरडिएनए) प्रतिवेदन'मा बाढीका कारण सात हजार ५७० वटा निजी घर ध्वस्त भएका छन्।

घर र घरभित्र रहेको सम्पत्ति मूल्याङ्कन गर्दा रु ६३ अर्ब ८८ करोड ४८ लाखको क्षति भएको छ। त्यसको पुनरुत्थानका लागि रु ९५ अर्ब ८२ करोड ७२ लाख आवश्यक पर्ने देखिएको छ। बाढीका कारण ४८ वटा सार्वजनिक भवनमा क्षति पुगेको छ। जसमध्ये ३५ वटा पूर्ण रूपमा ध्वस्त भएका छन् भने १३ वटामा आंशिक क्षति पुगेको छ। भवन र भवनभित्र रहेको सम्पत्ति मूल्याङ्कनअनुसार रु दुई अर्ब ६४ करोड ५९ लाखको क्षति भएको छ। त्यसको पुनर्निर्माणका लागि रु चार अर्ब २३ करोड आवश्यक पर्ने आकलन छ।

प्रतिवेदनअनुसार बाढीका कारण १८ वटा विद्यालय प्रभावित भएका छन्। त्यसमध्ये ११ वटा पूर्ण र सात वटामा आंशिक रूपमा क्षति पुगेको छ। भवन र भवनमा रहेका अन्य सम्पत्ति गरी रु ९३ करोड ७३ लाखको क्षति भएको छ। उक्त क्षेत्रको पुनरुत्थानका लागि रु दुई अर्ब ३४ करोड आवश्यक पर्नेछ।

सातवटा स्वास्थ्य सेवा प्रवाह हुने भवन प्रभावित भएका छन्। जसमध्ये चार वटा पूर्ण रूपमा ध्वस्त भएका छन् भने तीन वटामा आंशिक क्षति पुगेको छ। उक्त क्षेत्रमा रु २३ करोड ६६ लाखको क्षति भएको छ भने पुनरुत्थानका लागि रु ७८ करोडबराबर आवश्यक छ।

प्राधिकरणका अनुसार सांस्कृतिक सम्पदामा पनि असर पुगेको छ। त्यसमा ३० वटा सांस्कृतिक र धार्मिक क्षेत्र रहेको प्रारम्भिक अध्ययनले देखाएको छ। जुन रु १४ करोड ७७ लाख छ। यस क्षेत्रको पुनरुत्थानका लागि रु ३६ करोड ५९ लाख आवश्यक पर्ने प्रतिवेदनमा उल्लेख छ।

**सामाजिक क्षेत्रमा यस्तो छ क्षति**

सामाजिक क्षेत्रअन्तर्गतका निजी तथा सार्वजनिक भवन र संरचनामा क्षति पुगेको छ। जसमध्ये २६.९ प्रतिशत निजी भवन (आरसिसी तथा अन्य प्रकार) मा क्षति पुगेको छ। मूल्यका हिसाबले यी भवनमा पुगेको क्षतिको हिस्सा ७३.४ प्रतिशत छ।

त्यसैगरी, सिमेन्टले बनेका भवन प्रभावितको हिस्सा ४२.५ प्रतिशत छ। मूल्यका हिसाबले यो २०.८ प्रतिशत हो। प्रभावितमध्ये माटोले बनेका भवनको हिस्सा ३०.६ प्रतिशत छ। जसको मूल्यका हिसाबले ५.८ प्रतिशत बराबर छ। बाढीका कारण प्रभावित भन्सार कार्यालयको भवन ४.२ प्रतिशत रहेको भए पनि मूल्यका हिसाबले ३५.४ प्रतिशत हो।

प्रभावितमध्ये अन्त्येष्टिस्थलको हिस्सा १६.७ प्रतिशत छ। मूल्यका हिसाबले यसमा ४.६ प्रतिशत क्षति भएको छ। धार्मिकस्थलका प्रभावित संरचनाको हिस्सा १२.५ प्रतिशत छ भने मूल्यका हिसाबले ६.५ प्रतिशतबराबर क्षति पुगेको छ। बाढीका कारण प्रभावितमध्ये प्रहरी चौकीका संरचना १०.४ प्रतिशत छन्। जुन मूल्यका हिसाबले ११.३ प्रतिशत हो। सरकारी कार्यालय भवनको हिस्सा १२.५ प्रतिशत छ, जुन मूल्यका हिसाबले ८.८ प्रतिशत हो।

त्यसैगरी, स्वास्थ्य भवनको हिस्सा ८.३ प्रतिशत छ, जुन मूल्यका हिसाबले पाँच प्रतिशत हो। नेपाली सेनाको प्रभावित संरचनाको हिस्सा ४.२ प्रतिशत छ। जुन मूल्यको हिसाबले ५.९ प्रतिशत हो।

कारागार भवनतर्फ कुल ४.२ प्रतिशत र मूल्यका हिसाबले पाँच प्रतिशत क्षति पुगेको छ। प्रभावितमध्ये कर्भडहलको हिस्सा ४.२ प्रतिशत छ। जुन मूल्यका हिसाबले २.८ प्रतिशत हो। बाढीका कारण प्रभावित संरचनामध्ये खेलकुदसँग सम्बन्धित ४.२ प्रतिशत छन्। जुन मूल्यका हिसाबले १.४ प्रतिशत क्षति भएको छ।

ज्येष्ठ नागरिक भवन प्रभावित संरचनाको हिस्सा २.१ प्रतिशत छ। जसको मूल्यको हिस्सा ५.१ प्रतिशत छ। प्राधिकरणका अनुसार प्रभावित भवनमध्ये सभाहलको हिस्सा २.१ प्रतिशत छ भने यो मूल्यका हिसाबले ०.६ प्रतिशत हो।

सरकारी बैंक भवन प्रभावित संरचनाको हिस्सा २.१ प्रतिशत र यो मूल्यका हिसाबले १.४ प्रतिशत हो। सामुदायिक भवन प्रभावित संरचनाको हिस्सा २.१ प्रतिशत छ भने मूल्यका हिसाबले ३.६ प्रतिशत हो। त्यस्तै, अन्य भवन प्रभावित संरचनाको ४.२ प्रतिशत र कुल क्षति मूल्यको २.१ प्रतिशत रहेको प्राधिकरणको भनाइ छ।

# इभीमा आगलागी, चालकको मृत्यु

**दैनिक समाचारदाता**

**चितवन, २६ भदौ।**

भरतपुर महानगरपालिका-९ पूर्व-पश्चिम राजमार्गमा विद्युतीय कारमा आगलागी हुँदा त्यसका चालकको मृत्यु भएको छ। शरीर जलेका कारण मृतकको सनाखत हुन सकेको छैन।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक रामेश्वर पौडेलका अनुसार शुक्रबार बिहान बा.प्र.०१-०३० च ५५७९ नम्बरको इभीमा आगो लागेको हो। दमकलको सहायताले आगो निभाइएको थियो। कार पूर्ण रूपमा जलेको छ।

## विश्व समाचार

# विभाजनबीच ब्रिक्स शिखर सम्मेलन

नयाँदिल्ली, २६ भदौ (रासस/एपी)।

युक्रेन र मध्यपूर्वमा जारी युद्ध तथा अमेरिका-चीन तनावका बीच ब्रिक्स राष्ट्रका नेताहरू यस सप्ताहन्तमा नयाँदिल्लीमा भेला हुँदैछन्। विस्तारसँगै विश्वको ठूलो जनसङ्ख्या र आर्थिक तथा ऊर्जा स्रोत समेटेको समूहले विश्व व्यवस्थामा प्रभाव बढाउन खोजे पनि सदस्य राष्ट्रका फरक राजनीतिक तथा विदेश नीतिका कारण साझा धारणा बनाउन चुनौती देखिएको छ।

आयोजक भारतले चीन र रूससँगको सम्बन्धलाई अमेरिका तथा पश्चिमी शक्तिसँगको बढ्दो साझेदारीसँग सन्तुलनमा राख्नुपर्ने अवस्था छ। रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, चिनियाँ राष्ट्रपति सी जिनपिङ र इरानी राष्ट्रपति मसुद पेजेस्कियानलगायत नेताहरू सहभागी हुने अपेक्षा गरिएको छ।

ब्रिक्स प्रारम्भमा ब्राजिल, रूस, भारत, चीन र दक्षिण अफ्रिकाको समूह रहेकामा अहिले ११ सदस्य पुगेका छन्। विश्वको करिब आधा जनसङ्ख्या प्रतिनिधित्व गर्ने समूहमा भारत-चीन, इरान-साउदी अरेबिया तथा इजिप्ट-इथियोपियाजस्ता क्षेत्रीय प्रतिस्पर्धा भएका राष्ट्रसमेत छन्। त्यसैले युक्रेन र इरानका विषयमा एकीकृत धारणा बनाउन कठिन हुने विज्ञहरूको भनाइ छ।

इन्टरनेसनल क्राइसिस ग्रुपका वरिष्ठ विश्लेषक प्रवीण डोन्टीले ग्लोबल साउथ एउटै एकाइ नभएकाले विभिन्न द्वन्द्व व्यवस्थापन तथा मध्यस्थता ब्रिक्सका लागि कठिन हुने बताउनुभयो। युक्रेन युद्धमा भारतले रूससँग ऊर्जा र रक्षा सम्बन्ध कायम राख्दै अमेरिकासँग रणनीतिक साझेदारी विस्तार गरेको छ र संवाद तथा कूटनीतिमार्फत समाधानमा जोड दिँदै आएको छ।

भारतका लागि सम्मेलन चीनसँगको सम्बन्ध सुधार गर्ने अवसरसमेत हो। सन् २०२० को सीमा तनावपछि चिसिएको सम्बन्धमा पछिल्लो समय सुधार देखिएको छ। सात वर्षपछि राष्ट्रपति सीको नयाँदिल्ली भ्रमणले त्यसलाई थप बल दिन सक्ने अपेक्षा गरिएको छ। डोन्टीले सम्मेलनले भारतलाई चीनसँग संवाद बढाउन र बाँकी द्विपक्षीय विषयमा प्रगति गर्ने अवसर दिने बताउनुभयो।

ब्रिक्सलाई स्पष्ट रूपमा पश्चिमविरोधी समूह बन्न नदिनु भारतको अर्को प्राथमिकता हो। यसैबीच अमेरिकी डलरमा निर्भरता घटाउने विषय पनि सम्मेलनको महत्त्वपूर्ण एजेन्डा बन्नेछ। सदस्य राष्ट्रले आफ्नै मुद्रामा व्यापार बढाउने तथा वैकल्पिक भुक्तानी प्रणाली विकास गर्नेबारे छलफल गर्दै आएका छन्। यद्यपि विश्व व्यापार र वित्तमा डलरको गहिरो प्रभाव तथा सदस्य राष्ट्रका फरक मुद्रा र वित्तीय प्रणालीका कारण त्यसलाई तत्काल विस्थापित गर्न कठिन छ।

सेवानिवृत्त भारतीय कूटनीतिज्ञ महेश सचदेवले डलरसँग प्रत्यक्ष टकरावभन्दा वर्तमान वित्तीय प्रणालीबाट आफ्नो जोखिम घटाउनु ब्रिक्सको उद्देश्य रहेको बताउनुभयो। ब्रिक्सको बढ्दो आर्थिक तथा कूटनीतिक प्रभावका बाबजुद यसको वास्तविक प्रभाव सदस्य राष्ट्रले साझा र व्यावहारिक कदम चाल्न सक्छन् कि सक्दैनन् भन्नेमा निर्भर रहने विज्ञहरूको धारणा छ।

# मासाफेर याट्टामा ६० प्यालेस्टिनी विस्थापित

संयुक्त राष्ट्रसङ्घ, २६ भदौ (रासस/सिन्ह्वा)।

दक्षिणी वेस्ट ब्याङ्कको मासाफेर याट्टा क्षेत्रमा इजरायली अधिकारीहरूले घर तथा अन्य संरचना भत्काएपछि करिब ३० बालबालिकासहित ६० जना प्यालेस्टिनी विस्थापित भएका छन्। संयुक्त राष्ट्रसङ्घले घटनाप्रति चिन्ता व्यक्त गर्दै यस क्षेत्रमा थप विस्थापनको जोखिम बढेको जनाएको छ। संयुक्त राष्ट्रसङ्घीय मानवीय मामिला समन्वय कार्यालय (ओसिएचए) का अनुसार मङ्गलबार दुई प्यालेस्टिनी पशुपालन समुदायका २० घरसहित पानीका तलाउ, सौर्य प्यानललगायत संरचना भत्काइएका थिए। यसअघि सेप्टेम्बर २ मा नजिकैको अर्को समुदायमा पनि संरचना भत्काइएको थियो। ध्वस्त गरिएका धेरै संरचना दातृ निकायको सहयोगमा निर्माण भएका थिए।

हेब्रोन पहाडी क्षेत्रमा पर्ने मासाफेर याट्टाका १३ समुदायमा करिब एक हजार दुई सय प्यालेस्टिनी बसोबास गर्छन्। इजरायली अधिकारीहरूले यस क्षेत्रलाई 'गोलीबारी क्षेत्र' तोकेका छन् भने मानवीय संस्थाहरूले बस्ती चौकी स्थापना भएपछि प्यालेस्टिनीमाथि हिंसा बढेको बताउँदै आएका छन्। संयुक्त राष्ट्रसङ्घ र मानवीय साझेदारले बुधबार प्रभावित क्षेत्रको भ्रमण गरी विस्थापित परिवारलाई आपत्कालीन आश्रय, खाना, सरसफाइका सामग्री, शिशुका आवश्यक सामग्री र मनोसामाजिक सहयोग उपलब्ध गराएका छन्। ओसिएचएका अनुसार यस वर्ष वेस्ट ब्याङ्कमा संरचना भत्काइएका कारण करिब एक हजार पाँच सय प्यालेस्टिनी विस्थापित भएका छन्। बसोबास गर्नेहरूमाथिको हिंसा र आवतजावत प्रतिबन्धका कारण थप दुई हजार छ सयभन्दा बढी विस्थापित भएका छन्।

यसैबीच, गाजामा संयुक्त राष्ट्रसङ्घीय निकाय तथा मानवीय साझेदारले देइर अल-बलाहको अल-बुरेज क्षेत्रमा हवाई आक्रमणबाट आश्रयस्थल ध्वस्त वा क्षतिग्रस्त भएका ३० परिवारलाई आपत्कालीन सहायता उपलब्ध गराइरहेका छन्। सेप्टेम्बरको पहिलो साता हवाई आक्रमण, भवन भत्किँदा र आगलागीलगायत १८ घटनाबाट प्रभावित एक सयभन्दा बढी परिवारलाई सहयोग गरिएको तथा एक हजार आठ सयभन्दा बढी परिवारलाई पाल, प्लास्टिकका पाना, ओछ्यान र सौर्य बत्तीलगायत आश्रय सामग्री वितरण गरिएको ओसिएचएले जनाएको छ।

# हाते ग्रिनेड विस्फोटमा दुई बालकको मृत्यु

कोलम्बो, २६ भदौ (रासस/सिन्ह्वा)।

श्रीलङ्काको राजधानी कोलम्बोको उपनगर दहिवालास्थित एक घरमा शुक्रबार बिहान भएको हाते ग्रिनेड आक्रमणमा दुई बालकको मृत्यु भएको छ। आक्रमणमा उनीहरूका बुबा घाइते भएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार १० र १४ वर्षका बालकलाई उपचारका लागि अस्पताल भर्ना गरिएको थियो। उपचारकै क्रममा दुवै बालकको मृत्यु भएको हो। घाइते बुबाको भने सोही अस्पतालमा उपचार भइरहेको छ। प्रहरीले उक्त आक्रमण दुई सङ्गठित आपराधिक गिरोहबीच जारी द्वन्द्वको परिणाम हुनसक्ने प्रारम्भिक आशङ्का गरेको छ। घटनाबारे थप अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ।

# शहीदहरूको योगदान र बलिदानलाई राज्य तथा राजनीतिक नेतृत्वले बिर्सिँदै गएकोप्रति असन्तुष्टि




**दैनिक समाचारदता**
**जनकपुर, २६ भदौ ।**

मधेश आन्दोलनका वीर शहीदहरूको योगदान र बलिदानलाई राज्य तथा राजनीतिक नेतृत्वले बिर्सिँदै गएको भन्दै जनकपुरधाममा आयोजित एक कार्यक्रमका सहभागीहरूले असन्तुष्टि व्यक्त गरेका छन् ।

उनीहरूले मधेश आन्दोलनपछि शीर्ष नेताहरू सरकार र सत्तामा पुगे पनि शहीद तथा आन्दोलनको मूल मुद्दालाई प्राथमिकतामा नराखेको आरोप लगाएका छन् ।

शहीद संजय चौधरी स्मृति प्रतिष्ठानको आयोजनामा बिहीबार जनकपुरधाममा शहीद संजय चौधरी, नितु यादव र दिलिप यादवको स्मृतिमा विभिन्न कार्यक्रम सम्पन्न गरिएको हो ।

कार्यक्रम अन्तर्गत बिहान शहीद गेटमा रहेका शहीदहरूको सालिकमा माल्यार्पण तथा सरसफाइ गरिएको थियो । त्यसपछि जनकपुरधामस्थित रौनियार धर्मशालामा पुण्यतिथि तथा 'मधेशको अबको बाटो' विषयक संवाद कार्यक्रम आयोजना गरिएको थियो ।

सो अवसरमा प्रतिष्ठानले धनुषा, महोत्तरी र सर्लाही जिल्लाका शहीद परिवारलाई सम्मान गरेको थियो। त्यस्तै, मधेश आन्दोलनमा सहभागी सामाजिक अभियन्ता, युवा तथा मधेशका स्थानीय नेताहरूलाई समेत सम्मान गरिएको थियो ।

कार्यक्रममा सहभागी वक्ताहरूले मधेश आन्दोलनको उपलब्धि र त्यसपछि विकसित राजनीतिक परिस्थितिको निर्मम समीक्षा गर्नुपर्नेमा जोड दिए । उनीहरूले आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका शहीदहरूको योगदानलाई राजनीतिक नेतृत्वले उचित सम्मान दिन नसकेको गुनासो गरे ।

सहभागीहरूले मधेशका शीर्ष नेताहरू सच्चिनुपर्ने र आन्दोलनको नेतृत्व नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्ने आवश्यकता औँल्याए । उनीहरूका अनुसार अबको मधेश आन्दोलन र राजनीतिक नेतृत्वमा पुस्तान्तरण अपरिहार्य भइसकेको छ ।

वक्ताहरूले पछिल्ला निर्वाचनमा जनताले शीर्ष नेताहरूप्रति देखाएको असन्तुष्टिलाई समेत गम्भीर रूपमा लिनुपर्ने बताए । मधेशका प्रत्येक जिल्लामा यस्ता संवाद तथा समीक्षा कार्यक्रम निरन्तर सञ्चालन गर्दै आन्दोलनको उपलब्धि, कमजोरी र आगामी बाटोबारे गम्भीर बहस गर्नुपर्ने उनीहरूको भनाइ थियो ।

मधेशको अधिकार, पहिचान र सम्मानका लागि जीवन बलिदान गरेका शहीदहरूको त्यागलाई सदैव स्मरण गर्नुपर्नेमा जोड दिँदै सहभागीहरूले शहीदहरूले देखाएको बाटोमा अघि बढ्नु नै उनीहरूप्रतिको सच्चा सम्मान हुने बताए ।

कार्यक्रम शहीद संजय चौधरी स्मृति प्रतिष्ठानकी अध्यक्ष तथा शहीद संजय चौधरीकी बहिनी ममता चौधरीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# बाढीले थुपारेको भग्नावशेष हटाउन ९४ अर्ब ४१ करोड लाग्ने

काठमाडौँ, २६ भदौ (रासस) ।

भोटेकोशी बाढीले थुपारेको ढुङ्गा, माटो, बालुवा र भवनका भग्नावशेष हटाउनका लागि मात्रै रु ९५ अर्ब ४२ करोड खर्च लाग्ने अनुमान गरिएको छ ।

राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको 'द्रुत क्षति र आवश्यक मूल्याङ्कन (आरडिएनए) प्रतिवेदन'मा तत्काल र दीर्घकालीन पुनःस्थापनाका लागि उक्त खर्च लाग्ने अनुमान रहेको उल्लेख छ ।

प्रतिवेदनमा 'क्रस कटिङ' क्षेत्रअन्तर्गत भत्किएका भवनका संरचना हटाउन, विपद् जोखिम न्यूनीकरण र समावेशी पुनःस्थापनाका लागि उक्त रकम खर्च हुने आकलन छ । बाढीका कारण रु ४८ अर्ब २४ करोडबराबरको भत्किएका भवनका संरचना थुप्रिएको छ । त्यसमा करिब दुई अर्बको माटोको थुप्रो छ । यो हटाउनका लागि मात्रै रु ३० करोडभन्दा बढी खर्च लाग्ने अनुमान छ ।

त्यसैगरी, विपद् जोखिम न्यूनीकरणका लागि तत्काले रु ३५ करोड र दीर्घकालका लागि रु ९४ करोड ४० लाख गरी रु ९४ करोड ७५ लाख बराबर खर्च हुने अनुमान छ । त्यसमा जलमार्गमा रहेको भग्नावशेष हटाउने, नदी व्यवस्थापन तथा बस्ती संरक्षण, कमाण्ड क्षेत्र विकास, उच्च नदी किनाराको कटान तथा पहिरो नियन्त्रण, सिँचाइ प्रणाली पुनःस्थापना तथा बहुविपद् पूर्वसूचना प्रणालीलगायतको विकासका लागि उक्त खर्च लाग्ने देखिएको हो ।

प्रतिवेदनले समावेशी पुनःस्थापनाका लागि तत्काल अर्थात् छ महिनाका लागि रु १५ करोड आवश्यक रहेको देखाएको छ । यो रकम असुरक्षित र सीमान्तकृत समुदाय, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अन्य जोखिममा रहेका समूहको आवश्यकता समेटेर पुनःस्थापना तथा पुनर्निर्माणमा खर्च गरिनेछ ।

प्रतिवेदनले भवनको भग्नावशेष, ढुङ्गा, माटो, बालुवा हटाउने काम छ महिनाभित्र ३१.१ प्रतिशत पूरा गर्न सकिने उल्लेख गरेको छ । साथै जोखिम न्यूनीकरण व्यवस्थापनअन्तर्गत ०.४ प्रतिशत काममात्रै गर्न सकिने प्रतिवेदनको ठहर छ । समावेशी पुनःस्थापना र पुनर्निर्माण भने सो समयभित्र सम्पन्न गर्न सकिने सम्भावना छ ।

तत्कालको पुनरुत्थानका लागि पूर्वाधार क्षेत्रमा रु ६७ अर्ब ४२ करोड खर्च हुनेछ । जसमा ऊर्जा क्षेत्रमा जलविद्युत् र ग्रीड, घरायसी नवीकरणीय ऊर्जा, सडक, पुल, सञ्चार, सफाइ तथा खानेपानी, सिँचाइ र नदीसँग सम्बन्धित काम हुनेछन् । सामाजिक क्षेत्रको पुनरुत्थानका लागि तत्काल रु आठ अर्ब २९ करोड लाग्ने अनुमान गरिएको छ । यसमा निजी घर, सार्वजनिक भवन र सुविधा, शिक्षा, स्वास्थ्य र सांस्कृतिक क्षेत्रमा खर्च हुनेछ ।

उत्पादन क्षेत्रको तत्काल पुनरुत्थानका लागि रु पाँच अर्ब लाग्ने अनुमान छ । यो रकम कृषि, माछापालन, पशुपालन, बैंकिङ, आर्थिक गतिविधि र जीवनयापनमा खर्च गरिनेछ । साथै भग्नावशेष हटाउन र विपद् जोखिम न्यूनीकरणका लागि तत्काल अर्थात् छ महिनाका लागि रु छ अर्ब ६० करोड लाग्ने आकलन छ ।

# अर्थतन्त्र गतिशील बनाउन पाँच 'विशेष प्याकेज' अघि बढाउँदै सरकार

काठमाडौँ, २६ भदौ (रासस) ।

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सरकारले अर्थतन्त्रलाई चलायमान बनाउन पाँचवटा विशेष प्याकेज अघि बढाउन लागेको बताउनुभएको छ ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) को २८औँ वार्षिक साधारणसभामा उहाँले अर्थतन्त्र सुधारका लागि विभिन्न क्षेत्रलाई समेटेर पाँचवटा प्याकेजमार्फत काम अघि बढाइरहेको जानकारी दिनुभयो ।

अर्थमन्त्रीले पहिलो प्याकेजअन्तर्गत भोटेकोशी बाढीबाट भएको क्षतिको पुनरुत्थान तथा पुनःस्थापनाका लागि आवश्यक काम भइरहेको बताउनुभयो । बाढीबाट प्रभावित उद्योगी, व्यवसायी तथा सर्वसाधारणलाई राहत र पुनःस्थापनाका लागि अध्ययन भइसकेको उहाँले जानकारी दिनुभयो।

दोस्रो प्याकेजअन्तर्गत शिथिल पुँजीबजारलाई सम्बोधन गर्न एक साताभित्रै १० देखि १२ बुँदे नीतिगत सुधारको योजना ल्याइने तयारी भइरहेको उहाँले बताउनुभयो ।

निजी क्षेत्रको प्रवर्द्धन तथा पुनरुत्थानका लागि छिट्टै विशेष प्याकेज घोषणा गर्ने तयारी भइरहेको जानकारी दिँदै अर्थमन्त्रीले त्यसलाई तेस्रो प्याकेजका रूपमा अघि बढाइने बताउनुभयो ।

चौथो प्याकेजअन्तर्गत नेपाललाई वित्तीय कारबाही कार्यदल (एफएटीएफ) को 'ग्रे लिष्ट'बाट हटाउन सरकारले प्राथमिकताका साथ काम गरिरहेको उहाँले जानकारी दिनुभयो ।

पाँचौँ प्याकेजअन्तर्गत भोटेकोशी बाढीबाट भएको क्षतिको पुनर्निर्माणका लागि अन्तरराष्ट्रिय वित्त परिचालनमा केन्द्रित भएर काम भइरहेको अर्थमन्त्री वाग्लेले बताउनुभयो । "अन्तरराष्ट्रिय फण्ड भित्र्याउने र त्यसलाई व्यवस्थित गर्ने दिशामा पनि हामी अग्रसर भएका छौँ," उहाँले भन्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अञ्जन श्रेष्ठले भोटेकोशी बाढीबाट अकल्पनीय क्षति भएकाले प्रभावित उद्योगी, व्यवसायी तथा व्यापारीका लागि सरकारले विशेष प्याकेज ल्याई निजी क्षेत्रको प्रवर्द्धन गर्नुपर्नेमा जोड दिनुभयो ।

# भोटेकोशी बाढी: एक हजार ३८५ शव फेला

काठमाडौँ, २६ भदौ (रासस) ।

भोटेकोशी बाढीमा परी मृत्यु भएकामध्ये हालसम्म एक हजार ३८५ जनाको शव फेलापरेको छ । बाढीमा परी अझै चार हजार ८९ जना सम्पर्कविहीन छन् ।

प्रहरी प्रधान कार्यालय नक्सालले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार फेलापरेका शवमध्ये ५४२ पुरुष, ३३४ महिला तथा ५०९ वटा शव आंशिक अङ्गसहितका छन् । भेटिएका शवमध्ये हालसम्म १०३ शव आफन्तलाई हस्तान्तरण गरिएको प्रहरीले जनाएको छ ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता अविनारायण काफ्लेका अनुसार अझै सम्पर्कविहीन रहेकामध्ये स्वदेशीतर्फ दुई हजार ९०७ पुरुष र ५७२ महिला रहेका छन् । यस्तै, विदेशी नागरिकतर्फ २७२ पुरुष, ३२८ महिला सम्पर्कविहीन छन् ।

बाढी प्रभावित क्षेत्रमा बेपत्ताको खोजी, उद्धार तथा शव व्यवस्थापनकार्यलाई सुरक्षा निकायले निरन्तरता दिएको छ । फेलापरेका शवमध्ये एक हजार १४८ वटा शव सुरक्षित रूपमा जमिनमा गाडेर व्यवस्थापन गरिएको छ । बाँकी शवको पहिचान तथा व्यवस्थापन प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

बाढीपछि हालसम्म नौ हजार २८७ जनाको उद्धार गरिएको छ । जसमा पुरुष छ हजार ४०७, महिला दुई हजार ८३० र पहिचान नखुलेका ५० जना रहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ । उद्धार गरिएकामध्ये तीन हजार १७६ जनालाई सुरक्षित रूपमा होल्डिङ सेन्टरमा राखिएको प्रवक्ता काफ्लेले जानकारी दिनुभयो ।

बेपत्ता व्यक्तिको पहिचान तथा फेलापरेका शवको सनाखत गर्न डिएनए परीक्षणलाई प्राथमिकता दिइएको छ । हालसम्म मृतक एक हजार २८६ जना र मृतकका आफन्तका एक हजार ७१२ जना गरी दुई हजार ९९८ जनाको डिएनए नमूना सङ्कलन गरिएको प्रहरीले जनाएको छ ।

भोटेकोशी बाढीपछि ठूलो मानवीय क्षति भएको छ । बेपत्ताको खोजी, उद्धार, शवको पहिचान तथा व्यवस्थापनका लागि नेपाल प्रहरीसहित नेपाली सेना, सशस्त्र प्रहरी बल र सम्बन्धित सरकारी निकायका टोली प्रभावित क्षेत्रमा निरन्तर परिचालित छन् ।

# पर्सामा गाँजा र ब्राउन सुगरसहित दुई जना पक्राउ

**दैनिक समाचारदता**
**वीरगञ्ज, २६ भदौ ।**

प्रहरीले पर्साका विभिन्न स्थानबाट गाँजा र ब्राउन सुगरसहित दुई जनालाई पक्राउ गरेको छ ।

पटेर्वासुगौली गाउँपालिका-४ भथौरास्थित ७० वर्षीय दुखी महतोलाई निजको घरबाट १८ किलो ४०० ग्राम गाँजसहित पक्राउ गरिएको छ भने वीरगञ्ज महानगरपालिका-२१ परवानीपुरबाट एक भारतीय नागरिक पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालयका अनुसार नियमित गस्तीमा रहेको प्रहरी टोलीले उनीहरूलाई बिहीबार पक्राउ गरेको हो । अभियुक्तद्वयलाई प्रहरी हिरासतमा राखिएको छ ।


## प्रविधिको प्रयोग व्यवस्थित गरौं

- प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
- परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
- सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
- पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
- डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
- बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
- व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
- प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रूपमा प्रयोग गरौं।

**प्रविधिको सही प्रयोग गरौं, मानविय सम्बन्ध बलियो बनाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np